**७९ करोड सजाय मागदावि गरि राजस्व अनुसन्धान विभागद्धारा अभियोग दायर-**

राजस्व अनुसन्धान विभागले संदिप ट्रेडर्स (स्था. ले. नं. ६१८७४५१०६) को कारोबार सम्बन्धि कागजात तथा विवरणहरुको विश्लेषण गर्दा उक्त फर्मले मिति २०७९/०५/२७ देखि मिति २०८०/०५/२१ सम्म भिसिटिएस प्रणालीमा प्रविष्टी गरेको विवरण हेर्दा उक्त फर्मले रु. ६,५४,२२,६६०/- बराबरको मालवस्तुको बिक्री र रु. ६,४९,४००/- बराबरको मालवस्तुको खरिद गरेकोले अतः करदाताले खरिद बिल, भन्सार प्रज्ञापनपत्र लगायतका अन्य विश्वशनीय खरिद स्रोत बिना नै करोडौं रुपैयाँको मालवस्तुको बिक्री गरेको देखिन आयो।

यसरी करदाताले भन्सार चोरीपैठारी गरी मालवस्तुको कारोबार गरी राजस्व चुहावट गरेको देखिएकोले निजले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड(क), (ख), (च) र (झ) बमोजिम कसूर गरेको अनुसन्धानबाट पुष्टी हुन आयोएकाले उक्त राजस्व चुहावटको प्रकृति तथा गाम्भिर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई मध्यनजर गरी संदिप ट्रेडर्स (स्था. ले. नं. ६१८७४५१०६) का मुख्य कारोबारी दयाशंकर चौधरी र उक्त फर्मको प्रोपाइटर बिमलावती देवी चौधरी कुर्मीबाट माथि प्रकरण नम्बर ८.२ बिगो गणनामा गणना गरेबमोजिम रु. १२,८५,२६,२८०।०० (अक्षरेपी बाह्र करोड पचासी लाख छब्बिस हजार दुई सय असी रुपैयाँ मात्र) बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगो असुल उपर गरी ऐ.ऐनको दफा २३(१) बमोजिम शतप्रतिशत जरिवाना र ऐ.ऐनको दफा २३(१)(घ) बमोजिम हदै सम्मको कैद सजाय मागदाबी लिई उच्च अदालत बुटवलमा अभियोग दायर गरिएको छ ।

साथै यस विभागले प्रयोगमा ल्याएको VCTS प्रणालीमा प्रतिवादी राहुल कुमार दुवेदीले प्रविष्टि गरेको खरिद बिक्रीको विवरण, निजले आन्तरिक राजस्व विभागले सञ्चालन गरेको प्रणालीमा प्रविष्टि गरेको विवरणबाट प्राप्त VAT Return, प्रतिवादीहरू श्री गुरु इम्पेक्श (स्था.ले.नं.३०४७५०८२७) का प्रोप्राइटर सीताराम प्रसाद रौनियार, शुभश्री इन्टरप्राइजेज (स्था.ले.नं.३०४५१३२२०) का प्रोपाइटर रिजवान अन्सारी, न्यु कञ्चन इन्टरप्राइजेज (स्था.ले.नं. ३०२४२३८३५) का प्रोप्राइटर मिरा कुमारी श्रीवास्तव, एस.पी. कन्सर्न (स्था.ले.नं. ३०५३११९५१) का प्रोपाइटर प्रभुशंकर रौनियार र न्यू एस कुमार इन्टरनेशनल (स्था.ले.नं. ३००१०६९१०) का प्रोप्राइटर रामछत्री सा कलवारले गरेको कारोवारका सम्वन्धमा भएको छानविन तथा विश्लेषण, अनुसन्धानका क्रममा यस विभागबाट गरिएको पत्राचारबमोजिम विभिन्न निकायबाट प्राप्त विवरणको अध्ययन विश्लेषण एवं संलग्न मिसिलसमेतका आधारमा प्रतिवादी राहुल कुमार दुवेदी, उपर्युक्त फर्महरूका प्रोप्राइटरहरू तथा बिरबलजी भनिने भारतीय नागरिकसमेतको मिलेमतो र संलग्नतामा ठूलो परिमाणको व्यवसायिक

मालवस्तुहरू भन्सार विन्दुबाट छली गरी नेपाल भित्र्याई चोरी पैठारीको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले देहायको मागदाबी लिई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम अभियोजन गर्नुपर्ने देखिएकोले प्रतिवादीहरू राहुल कुमार दुवेदी, प्रभुशंकर रौनियार, सीताराम प्रसाद रौनियार, मिरा कुमारी श्रीवास्तव, रिजवान अन्सारी, रामछत्री सा कलवारसमेतले भन्सार विन्दुमा मालवस्तुहरूको नियमानुसार लाग्ने भन्सार, शुल्क,कर तथा महसुल भुक्तान गरी मालवस्तु कानूनसम्मत ढङ्गले पैठारी गर्नु पर्नेमा सो नगरी नगराई अनधिकृत रुपमा ठूलो परिमाणको व्यापारिक मालवस्तुहरू चोरी पैठारी गरी नेपाल भित्र्याई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ. ऐनको दफा ४(क) (ख), (छ) र (झ) को कसुर गरेको पुष्टि हुन आएको र निजहरूको संलग्नतामा भएको चोरी पैठारीजन्य कसुरको ऐ. ऐनको दफा २(छ१)(ङ) बमोजिमको बिगो रकम प्रतिवादीहरू जया एण्ड जिया ईम्पेक्श (स्था.ले.नं.६०७६९६८६४) को प्रोप्राईटर राहुल कुमार दुवेदीको हकमा रु.१७,३८,८०,२४०/-(अक्षरेपि सत्र करोड अठतिस लाख असी हजार दुई सय चालिस रुपैयाँ मात्र), श्री गुरु इम्पेक्श (स्था.ले.नं. ३०४७५०८२७) का प्रोप्राइटर सीताराम प्रसाद रौनियारको हकमा रु. १,८२,९४,४७८/-(अक्षरेपि एक करोड बयासी लाख चौरानब्बे हजार चार सय अठहत्तर रुपैयाँ मात्र), शुभश्री इन्टरप्राइजेज (स्था.ले.नं. ३०४५१३२२०) का प्रोपाइटर रिजवान अन्सारीको हकमा रु. २,११,१९,२३६/-(अक्षरेपि दुई करोड एघार लाख उन्नाइस हजार दुई सय छत्तिस रुपैयाँ मात्र), न्यु कञ्चन इन्टरप्राइजेज (स्था.ले.नं. ३०२४२३८३५) का प्रोप्राइटर मिरा कुमारी श्रीवास्तवको हकमा रु. २,११,८१,९०४/-(अक्षरेपि दुई करोड एघार लाख एकासी हजार नौ सय चार रुपैयाँ मात्र), एस.पी.कन्सर्न (स्था.ले.नं. ३०५३११९५१) का प्रोप्राइटर प्रभुशंकर रौनियारको हकमा रु. १,७८,४०,२००/-(अक्षरेपी एक करोड अठहत्तर लाख चालिस हजार दुई सय रुपैयाँ मात्र) र न्यू एस कुमार इन्टरनेशनल (स्था.ले.नं ३००१०६९१०) का प्रोप्राइटर रामछत्री सा कलवारको हकमा रु. १,७७,२८,६६०/-(अक्षरेपि एक करोड सतहत्तर लाख अठ्ठाइस हजार छ सय साठी रुपैयाँ मात्र) कायम हुन आएको हुँदा प्रत्येक प्रतिवादीबाट बिगो असुल गरी बिगो बमोजिमको जरिवाना गर्न  ऐ.ऐनको दफा २३ को उपदफा (१) बमोजिमको माग दाबी लिई सम्मानित उच्च अदालत समक्ष अभियोजन गरिएको राजस्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारीले बताएका छन् । साथै राजस्व अनुसन्धान विभागका महानिर्देशक नव राज ढुंगानाले राजस्व अनुसन्धान विभागले पछिल्ला दिनहरुमा गम्भिर प्रकृतिक राजस्व छलिको अनुसन्धान समेत अगाडी बढाएको जानकारी दिएका छन् ।